# पब्लिक सर्भिस कमिशनको सूचना नं. १

अर्थमन्त्रालयमार्फत सदर र मोफसलका भन्सार अड्डाहरूमा नियुक्त हुनालाई भारतमा भन्सार सम्बन्धी तालीम हासिल गर्न जान ६ जना ग्रयाजुएटको आवश्यकता छ। नेपाली जातीयता प्राप्त तथा अर्थशास्त्रको नोमिक्स लिई पास भएका उमेद्वारले यस कमिशनका फाराम नं. प.स.क. १ मा आवेदनपत्र लेखी २००८ साल आश्विन ४ गते सम्ममा तलको ठेगानामा पठाउनुहोला। छानिएका उमेद्वारले तालीम पाउन जाँदा मासिक रू. २००। भत्ता र नियुक्तिपछि ग्याजेटेड अफिसरको ग्रेड र स्केल पाउनुहुनेछ।

सरकारी बहालवालाले आफ्नो तैनाथवालामार्फत आवेदन गर्नुपर्छ। फाराममा शुल्कको कुरा लेखिए तापनि अहिले शुल्क बुझाउनुपर्दैन।

# पब्लिक सर्भिस कमिशनको सूचना नं. २

शिक्षामन्त्रालयको निमित्त एकजना डेपुटी सेक्रेटरीको आवश्यकता छ, योग्यताका हकमा: १ कुनै स्वीकृत विश्वविद्यालयको ग्रयाजुएट हुनुपर्छ। २ शिक्षासम्बन्धी कामकाज र अफिसको राम्रो प्रबन्ध मिलाउन सक्ने हुनुपर्छ। ३ सेक्रेटरीका नोट इत्यादि ड्राफट गर्न सक्नुपर्छ। ४ नेपाली जातीयता प्राप्त हुनुपर्छ। तलबमा मासिक मोरू. २००। र थप भत्ता मोरू. १५०। समेत जम्मा मोरू. ३५०। पाइने। उमेद्वारहरूले पब्लिक सर्भिस कमिशनको फाराम नं. प. स. क. १ मा वा सोही ढाँचाको फाराममा २००८ साल आश्विन ४ गते सम्ममा आवेदनपत्र लेखी तलको ठेगानामा पठाउनुपर्छ।

सरकारी बहालवालाले तालुकवालामार्फत आवेदनपत्र दिनुपर्छ।

चेयरमेन — पब्लिक सर्भिस कमिशन,
सिंहदरबार।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।